ताप्ली गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।०५।२० गते

# गाउँ शिक्षक व्यवस्थापन कार्यविधी (पहिलो संशोधन) २०७७

शिक्षा शाखा

ताप्ली गाँउ कार्यपालिकाको कार्यालय

रुपाटार,उदयपुर

२०७७

# गाउँ शिक्षक व्यवस्थापन कार्यविधि (पहिलो संशोधन) २०७७

**प्रस्तावनाः**

ताप्ली गाउँ कार्यपालिका भित्र सञ्चालित प्रत्येक सामुदायीक विद्यालयहरुमा विद्यार्थी सङ्ख्या तथा भौगोलिक विकटताको आधारमा शिक्षक व्यवस्थापन गरी विद्यालयको शैक्षिक, व्यवस्थापकीय र प्रशासनिक गुणस्तर सुधार गर्दै शैक्षिक गुणस्तर उकास्न शिक्षा ऐन २०७७ को दफा ४५ तथा नियमावली २०७७ को नियम ५४ को उपनियम ११ मा उल्लेख भएअनुसारको कार्य गर्न, शिक्षा नियमावली २०७७ को नियम ११६ को अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाका सामुदायिक विद्यालयहरुमा आवश्यक शिक्षक दरबन्दिको आन्तरीक व्यवस्थापन तथा वितरणलाई प्रक्रियागत रुपमा सरल, सही र पारदर्शी ढङ्गबाट कार्यान्वयन गर्न वाञ्छनीय भएकाले ,

गाउँ कार्यपालिकाले यो कार्यविधिको बनाई लागू गरेको छ ।

## परीच्छेद– १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम : गाउँ शिक्षक व्यवस्थापन कार्यविधि २०७७ रहेको छ
(२)यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुने छ ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "ऐन" भन्नाले ताप्ली गाउँ शिक्षा ऐन, २०७७ लाई सम्झनुपर्छ।

(ख) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी लाई सम्झनुपर्छ ।

(ग) "गाउँ शिक्षक" भन्नाले ताप्ली गाउँपालिकाको शिक्षा विकास कोष तथा गाउँपालिकाले व्यवस्थापन गर्ने गरी तलब भत्ता खाने, ताप्ली गाउँपालिकाको कार्यालयले नियुक्त गरेको अस्थायी करार शिक्षकलाई सम्झनुपर्छ ।

(घ) " नियमावली " भन्नाले ताप्ली गाउँपालिकाको गाउँ शिक्षा नियमावली, २०७७ लाई सम्झनुपर्छ ।

(ङ) "शिक्षा समिति" भन्नाले ताप्ली गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(च) "शिक्षा शाखा" भन्नाले ताप्ली गाउँपालिकाको कार्यालयको शिक्षा शाखालाई सम्झनुपर्छ ।

(छ) "प्रधानाध्यापक"भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षकलाई सम्झनुपर्छ ।

(ज) " अध्यक्ष " भन्नाले ताप्ली गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) " कार्यपालिका " भन्नाले ताप्ली गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ञ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति र स्वीकृति लिई ताप्ली गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

(ट) "आधारभुत विद्यालय" भन्नाले कक्षा ०-३ , कक्षा ०-५ तथा कक्षा ०-८ सम्म सञ्चालन भएका विद्यालयलाई सम्झनुपर्छ ।

(ठ) "माध्यमिक विद्यालय" भन्नाले कक्षा ०-१० तथा ०-१२ कक्षा सञ्चालन भएका विद्यालयलाई सम्झनुपर्छ ।

## परिच्छेद– २

## गाउँ शिक्षकको सर्त,सेवा सुविधा, छनौट, नियुक्ति तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **गाउँ शिक्षकको सर्तः** आधारभुत तह ०-५ को गाउँ शिक्षक पदमा उम्मेदवार हुनका लागि कम्तिमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित तहको अध्यापन अनुमति पत्र लिएको हुनुपर्नेछ ।आधारभुत तह ०-८ को गाउँ शिक्षक पदमा उम्मेदवार हुन सम्बन्धित विषयमा कम्तिमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित तहको सम्बन्धित विषयको अध्यापन अनुमति पत्र लिएको हुनुपर्नेछ । साथै माध्यमिक तहको गाउँ शिक्षक पदमा उम्मेदवार हुन कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित तहको सम्बन्धित विषयको अध्यापन अनुमति पत्र लिएको हुनुपर्नेछ । तर **विज्ञान,गणित र लेखा विषयको हकमा** अध्यापन अनुमति पत्र नभएता पनि उम्मेदवार बन्न सक्नेछन् ।

४. **गाउँ शिक्षकको सेवा सुविधाः गाउँ शिक्षकको मासिक तलब भत्ता देहाय अनुसार रहने र अन्य सेवा सुविधा सम्बन्धी करार सम्झौता बमोजिम हुनेछ।**

| क्र.स | पद | तह | मासिक तलब भत्ता रु. |
|---|---|---|---|
| १ | गाउँ शिक्षक | प्रारम्भिक बाल विकास केन्द्र | ८,०००/- |
| २ | गाउँ शिक्षक | आधारभुत तह ०-५ | १७,०००/- |
| ३ | गाउँ शिक्षक | आधारभुत तह ०-८ | २२,०००/- |
| ४ | गाउँ शिक्षक | माध्यमिक तह | २७,०००/- |

५. **गाउँ शिक्षक छनौट, नियुक्ति तथा व्यवस्थापन** : ताप्ली गाउँ कार्यपालिकाले सृजना गरेको आन्तरीक करार दरबन्दिमा करारमा गाउँ शिक्षक छनौट, नियुक्ति तथा व्यवस्थापन देहाए अनुसार गरिने छः–

(क) शिक्षा समितिको निर्णयानुसार तोकिएको सङंख्यामा शिक्षा शाखाले गाउँ शिक्षकको पदको विज्ञापन गर्दा कम्तिमा १५ दिनको सार्वजनिक सुचना प्रकाशन गरि गाउँपालिकाको सुचना पाटिमा समेत त्यस्तो सुचना टाँस गरी पालिकाको वेभसाइटामा समेत राख्ने व्यबस्था गरिने छ ।

(ख) गाउँ शिक्षक पदमा उम्मेदवार हुन इच्छुक उम्मेदवारले आफ्नो शैक्षिक योग्यता,नेपाली नागरिकताको प्रमाणपत्र तथा अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि निवेदन साथै पेश गर्नु पर्नेछ।।

(ग) शिक्षक सेवा आयोगको प्रचलित शिद्धान्त अनुसारको पाठ्यक्रम तथा परीक्षाको किसिम द्वारा गाउँ शिक्षा नियमावली २०७७ को नियम ५५ को उपनियम ११ बमोजिमको शिक्षक छनौट समिति द्वारा गाउँ शिक्षक छनौट परीक्षा सञ्चालन गरीने छ ।

(घ) लिखित परीक्षा तथा अन्तर्वार्तामा सफल उम्मेदवारलाई शिक्षा नियमावलि २०७७ को नियम ५५ को उपनियम ११ बमोजिमको समितिको सिफारिस तथा शिक्षा समितिको निर्णयानुसार करार सम्झौता गरी शिक्षा शाखा प्रमुख वा शिक्षा अधिकृतले अस्थायी नियुक्ति दिन सक्नेछ ।

## परिच्छेद– ३

## गाउँ शिक्षक छनौट,नियुक्ति तथा व्यवस्थापनमा विभिन्न निकायहरुको भूमिकाः

६. **गाउँ कार्यपालिकाः** क) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा रहने विद्यालयगत तथा तहगत गाउँ शिक्षकको दरबन्दी किटान गर्ने ।

ख) गाउँ शिक्षकको व्यवस्थापनका लागि आर्थिक व्यवस्थापन गर्ने।

ग) नीतिगत व्यवस्था तथा कार्यक्रम स्वीकृत गरी अन्य आवश्यक निर्णय गर्ने।

७. **गाउँ शिक्षा समिति :** शिक्षा समितिको भूमिका देहाय बमोजिम हुनेछ :

(क) पालिकाभित्र आवश्यक तहगत तथा विषयगत गाउँ शिक्षक दरबन्दी यकिन गरी दरबन्दी किटानको निर्णयको लागि कार्यपालिकामा सिफारीस गर्ने,

(ख) गाउँ शिक्षक नियुक्ति तथा व्यवस्थापन सम्बन्धीत कार्य गर्ने ,

८. **शिक्षा शाखाः** शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुनेछ :

(क) गाउँ शिक्षकको नियुक्ति तथा व्यवस्थापन सम्बन्धी कार्य गरी सो अनुसारको अभिलेख राख्ने ,

(ख) विद्यालय र प्रधानाध्यापकलाई आवश्यक निर्देशन दिने

(ग) गाउँ कार्यपालिका र शिक्षा समितिले दिएको निर्देशनबमोजिम अन्य कार्य गर्ने गराउने।

९. **विद्यालयः** विद्यालयको भूमिका देहायबमोजिम हुनेछः

(क) गाउँपालिकाबाट नियुक्त भई विद्यालयमा हाजीर हुन आउने शिक्षकलाई प्रधानाध्यापकले अनिवार्य हाजिर गराई सोको जानकारी शिक्षा शाखामा पठाउने।

## परिच्छेद– ४

## विविध

१०. **शिक्षक नियुक्त भएको विद्यालयमा हाजिर हुन जानुपर्नेः** यस कार्यविधिबमोजिम नियुक्ती भएका शिक्षकहरु नियुक्ति पत्र लिएको मितिले तीन दिन भित्र नियुक्ति भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुपर्ने छ र प्रधानाध्यापकको मातहतमा रहि काम गर्नु पर्नेछ।यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन।

११. **विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्नेः** यस कार्यविधि बमोजिम नियुक्ती भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्ने छ ।

१२. **प्रधानाध्यापक जिम्मेवार हुनेः** यस कार्यविधिबमोजिम नियुक्ती भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने जिम्मेवारी सम्बन्धीत विद्यालयको प्रधानाध्यापकको हुने छ ।

१३. **सहयोग लिन सक्नेः** शिक्षा शाखाले शिक्षक छनौट नियुक्ती तथा व्यवस्थापन गर्दा आइपर्ने समस्या समाधानका लागि शिक्षा समिति तथा कार्यपालिकाको सहयोग लिन सक्नेछ ।

१४. **समन्वय र सहजीकरण गर्नेः** शिक्षकलाइ हाजिरी गराइ नियमित पठन पाठन कार्यमा सरिक गराउनका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजीकरण गर्नुपर्ने छ ।

१५. **बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।